# वराहपोखरी गाउँपालिका

BARAHAPOKHARI RURAL MUNICIPALITY

## गाउँ कार्यपालिकाको कार्यालय

OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE

बाघखोरभन्ज्याङ, खोटाङ

BAGHKHOR BHANJYANG, KHOTANG

कोशी प्रदेश, नेपाल

KOSHI PROVINCE, NEPAL


प.सं.: २०८०।०८१

च. नं.:

# व्यवसाय तथा फर्म दर्ता शिविर सञ्चालन सम्बन्धी सूचना !!!

**प्रकाशित मिति : २०८०।०९।१७**

यस वराहपोखरी गाउँपालिका खोटाङको कार्यालयमा मिति २०८० पौष १९ र २० गते घरेलु तथा साना उद्योग कार्यालय, खोटाङ तथा करदाता सेवा कार्यालय, खोटाङको प्राविधिक सहयोग तथा वराहपोखरी गाउँपालिकाको आयोजनामा व्यवसाय तथा फर्म दर्ता शिविर सञ्चालन गर्ने भएको हुँदा दर्ता नभई सञ्चालनमा रहेका उद्योग, व्यापार, पेशा वा यस्तै अन्य प्रकृतिका व्यवसायिक कारोबार गर्ने व्यक्ति, फर्म वा कम्पनिहरुलाई उक्त शिविरमा आई आफ्नो व्यवसाय तथा फर्मको दर्ता गर्न हुनका लागि सम्बन्धित सबैलाई सूचित गरिन्छ।

**व्यवसाय दर्ताका लागि आवश्यक कागजातहरु:**

१. रितपूर्वक निवेदन
२. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
३. चारकिल्ला प्रमाणित वडा सर्जिमिन मुचुल्का
४. जग्गा धनिपूर्जाको प्रतिलिपि
५. मालपोत तिरेको रसिदको प्रतिलिपि
६. ३ प्रति पासपोर्ट साईजको फोटो
७. रु. १० को टिकट
८. नागरिकताको प्रतिलिपि
९. कृषि तथा पशु फर्मको दर्ताको हकमा वराहपोखरी गाउँपालिकाको कृषि तथा पशु शाखाको सिफारिस पत्र
१०. जग्गा धनिपुर्जा आफ्नो नाममा नभएको हकमा तिन पुस्ते भित्रको व्यक्ति भए सम्बन्धित जग्गाधनीको मञ्जुरीनामा तथा तिन पुस्ते बाहिरको व्यक्ति भए सम्बन्धित जग्गाधनीसँगको जग्गा भाडाको द्विपक्षिय सम्झौता-पत्रको प्रतिलिपि
११. **दर्ता शुल्क:**

| | |
|---|---|
| ☞ रु. ५ लाखसम्मको पुँजी | -रु २,१००/- |
| ☞ रु. ५ लाखदेखि २० लाखसम्मको पुँजी | -रु ४,१००/- |
| ☞ रु. २० लाखदेखि ५० लाखसम्मको पुँजी | -रु ७,१००/- |
| ☞ रु. ५० लाखभन्दा बढीको पुँजी | -रु १०,१००/- |

**व्यवसाय दर्ता गर्दा हुने फाइदाहरु:**

१. व्यवसायले कानूनी पहिचान पाउने,
२. आवश्यक परेमा बैंक तथा वित्तिय संस्थाबाट कर्जा अथवा ऋण लिन सजिलो हुने,
३. व्यवसाय विस्तार गर्न, व्यवसायलाई आवश्यक पर्ने उपकरणहरू खरिद गर्न सजिलो हुने,
४. राज्यले दिएका सुविधा तथा अधिकारहरू प्रयोग गर्न पाइने,
५. दर्ता भएको व्यवसाय बिक्री वा हस्तान्तरण गर्न सकिने,
६. व्यवसायले सम्पत्ति खरिद बिक्री गर्न पनि सकिने,
७. सामाजिक प्रतिष्ठा बढ्ने।

Dilkumar ०९/१६

.......................

दिल कुमार अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

दिल कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

*"कृषि, पर्यटन, प्राकृतिक सम्पदा र पूर्वाधार : सभ्य समृद्ध वराहपोखरी गाउँपालिकाको मूल आधार"*